## काठमाडौं महानगरपालिका, नागार्जुन नगरपालिका र मानवसेवा आश्रमबिच अव्यवस्थित सहयोगापेक्षी सडक मानव व्यवस्थापन एवं मानवता प्रवर्द्धनका लागि शहिद धर्मभक्त माथेमा महानगर मानव सेवा आश्रम भवन निर्माण तथा संचालन गर्ने सम्वन्धमा भएको त्रिपक्षीय

## सम्झौता-पत्र

काठमाडौं महानगरपालिका वडा नं ११ सुन्धारास्थित कार्यालय रहेको काठमाडौं महानगरपालिका (लिखितम् काठमाडौं जिल्ला यसपछि प्रथम पक्ष भनिने), काठमाडौं जिल्ला नागार्जुन नगरपालिका वडा नं.५ हरीसिद्दी सितापाईलास्थित कार्यालय रहेको नागार्जुन नगरपालिका (यसपछि द्वितीय पक्ष भनिने) र जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता नं ०४/०७३ मा गैरनाफामूलक सामाजिक संस्थाको रुपमा दर्ता भै का.जि.का.म.पा. वडा नं २६ सामाखुशीमा समेत शाखाको रुपमा आश्रम सञ्चालित मानबसेवा आश्रम (यसपछि तृतीय पक्ष भनिने) का बीचमा काठमाडौं जिल्लाभित्रका विभिन्न सडक किनाराहरु एवं सार्वजनिक स्थलहरुमा विभिन्न कारणहरुबाट घरवार विहिन भई खुल्ला आकाशमुनी अत्यन्त कष्टपूर्ण जीवनयापन गर्न विवश व्यक्तिहरुलाई सडकबाट तथा खुल्ला स्थानबाट उद्धार गरी काठमाडौं उपत्यकालाई नै सहयोगापेक्षी सडक मानवरहित शहर बनाउने उद्देश्यले सहयोगापेक्षीको उद्धार, उपचार, पालन पोषण एवं पारिवारिक पुनर्मिलन गराउन र अव्यवस्थित सहयोगापेक्षी सडक मानव व्यवस्थापन एवं मानवता प्रवर्द्धनको कार्यलाई दिगो, व्यवस्थित र थप प्रभावकारी बनाउन तीनै पक्षहरु बीच समझदारी भएकोले स्थानीय सरकार सञ्चलन ऐन, २०७४ को दफा २६ बमोजिम प्रभावकारी सेवा प्रवाहका लागि प्रथम पक्षको कार्यपालिकाको मिति २०७८/०६/१२ गतेको निर्णय, द्वितीय पक्षको मिति २०७८/०३/२१ को नगरसभाको निर्णय समेतका आधारमा देहायका शर्त, बन्देज तथा दायित्व बहन गर्ने गरी यो सम्झौतापत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं ।

### देहाय

१. काठमाडौं जिल्लाभित्र अव्यवस्थित रुपमा खुल्ला आकाशमुनि सडकका पेटीहरुमा अत्यन्त कष्टकर जीवनयापन गर्न विवश, शारीरिक तथा मानसिक रुपमा अशक्त, मनोरोगी, अनाथ, अपाङ्गता भएका, अशक्त तथा सहयोगापेक्षी सडक मानवहरुको उद्धार, उपचार, पालनपोषण तथा पारिवारिक पुनर्मिलन गराउने, त्यस्ता सहयोगापेक्षी मानव व्यवस्थापन एवं मानवता प्रवर्द्धनलाई दिगो व्यवस्थापन गर्न सहिद धर्मभक्त माथेमा महानगर मानव सेवा आश्रम निर्माण गरी संचालनमा ल्याउन यो सम्झौता गरिएको छ ।

२. प्रथम तथा द्वितीय पक्षको क्षेत्रभित्रका सडक पेटी तथा खुल्ला क्षेत्रहरुमा रहेका/भेटिएका सवै उमेर समूहका र सवै प्रकृतिका सहयोगापेक्षी मानवहरुको उद्धार, उपचार, पालनपोषण, शिक्षादिक्षा आदि आधारभूत आवश्यकताको परिपूर्ति गर्ने प्रवन्ध गर्नु तृतीय पक्षको मुख्य दायित्व हुनेछ । यस सम्झौताका पक्षहरु बिचको आपसी सहमति र सहकार्यमा काठमाडौं जिल्ला तथा उपत्यकाभित्रका अन्य नगरपालिकाहरुसँग समेत सहकार्य र समन्वय गर्‍यु मानव सेवा आश्रम व्यवस्थापन गर्नुपर्नेछ ।

३. द्वितीय पक्षको भौगोलिक क्षेत्रभित्रको वडा नं. ६ स्थित सेतो गुम्बासँग जोडिएको बागेश्वरी मन्दिर परिसरको कि.न. ८२ र १८९ को करिब १८ रोपनी द्वितीय पक्षको संरक्षणमा रहेको सार्वजनिक जग्गामा मानव सेवा आश्रम संचालन प्रयोजनका लागि भवन निर्माण गरिनेछ । उक्त भवन द्वितीय पक्षको नाममा निर्माण गरिनेछ । निर्माण हुने भवन शहिद धर्मभक्त माथेमा महानगर मानव सेवा आश्रम संचालन गर्न प्रयोग गरिनेछ । मानव सेवा आश्रममा रहने सहयोगापेक्षी मानवहरुको लिंग, उमेर समुह, शारीरिक तथा मानसिक अवस्था, आवश्यकता र प्रकृति समेतका आधारमा अन्य तरिकाले समेत विभाजन गरी अधिकतम मानवीयताको प्रवर्द्धन गर्नेगरी आश्रम संचालन व्यवस्थापन गर्नु तृतीय पक्षको दायित्व हुनेछ ।

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बागदरबार, काठमाडौं २०७३

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिसिद्धि, सीतापाइला, काठमाडौं बागमती प्रदेश, नेपाल

मानवसेवा आश्रम

४. यो सम्झौताको प्रकरण नं. ३ मा उल्लेखित भवन निर्माण गर्न आवश्यक बजेट प्रवन्ध गर्नु प्रथम पक्षको दायित्व हुनेछ । सार्वजनिक खरिद प्रकियाबाट भवन निर्माण गर्न निर्धारण हुने सम्पूर्ण लागत प्रथम पक्षले व्यहोर्ने छ । प्रथम पक्षले उक्त रकम भवन निर्माणको लागि वहुवर्षीय परियोजनाको रुपमा द्वितीय पक्षलाई उपलब्ध गराउनेछ । भवन निर्माणपश्चात आवश्यक फर्निचर तथा अन्य सरसामानको समेत व्यवस्थापनमा प्रथम पक्षले सहयोग गर्नेछ ।

५. यस सम्झौताको प्रकरण नं. ३ मा उल्लेखित जग्गामा भवन निर्माण गर्न आवश्यक प्रक्रिया पुरा गरी आफ्नो नाममा नक्सा तथा भवनको स्वामित्व कायम गर्ने, निर्माण गर्न ठेक्का लगाउने, निर्माण अवधिभर नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्ने र निर्माण सम्पन्न भएपश्चात तृतीय पक्षलाई यस सम्झौताको उद्देश्य अनुसारको प्रयोजनमा प्रयोग गर्न भवन हस्तान्तरणयोग्य बनाउने जिम्मेवारी द्वितीय पक्षको हुनेछ । द्वितीय पक्षले उक्त भवनको संरक्षण तथा सदुपयोग गर्ने कुरामा प्रथम पक्षसँग समेत आवश्यक समन्वय, सहयोग र सहकार्य गर्नेछ ।

६. प्रथम पक्षले सहयोगापेक्षी सडक मानव व्यवस्थापनको दिगो तथा व्यवस्थित कार्य सम्पादन गर्न द्वितीय तथा तृतीय पक्षसँग यो सम्झौता मार्फत सहकार्य गरी आवश्यक पर्ने वित्तीय श्रोत उपलब्ध गराउने, मानव सेवा आश्रमको संचालन व्यवस्थापनमा अभिभावकीय भूमिका निर्वाह गरी काठमाडौंलाई मानवीय उपत्यकाको रुपमा विकास गर्न आवश्यक कार्य गर्नेछ ।

७. यो सम्झौता अनुसार निर्माण भएको भवनको नाम **सहिद धर्मभक्त माथेमा महानगर मानव सेवा आश्रम** (नागार्जुन-६) रहनेछ । भवनको मुल प्रयोजन विपन्न, अशक्त, असहाय, सडक सहयोगापेक्षी मानवहरुको मानवोचित व्यवस्थापनमा प्रयोग गर्नुहुनेछ । उक्त उद्देश्य अनुसार तृतीय पक्षबाट भवनको व्यवस्थापन तथा प्रयोग हुन नसकेमा वा भवनको दुरुपयोग भएमा जुनसुकै बेला प्रथम तथा द्वितीय पक्षले संयुक्त निर्णय गरी सम्झौता भंग गर्न तथा भवनको उपयुक्त प्रयोजनमा प्रयोग गर्न सक्नेछ ।

८. प्रथम पक्षको जिम्मेवारी मानव सेवा आश्रम संचालन गर्न आवश्यक भवन निर्माणको लागत व्यहोर्नुका अतिरिक्त भवन निर्माणाधिन अवस्थामा द्वितीय पक्षसँग समन्वय गरी प्राविधिक सहयोग गर्ने, भवनको अनुगमन, सुपरिवेक्षण गर्न सहयोग गर्ने, तथा संरक्षकको हैसियतले जिम्मेवारी लिनु हुनेछ ।

९. द्वितीय पक्षको जिम्मेवारी प्रथम पक्षबाट रकम प्राप्त गरी खरिद प्रक्रिया पुरा गरी भवन निर्माण गर्ने तथा सो प्रक्रियामा आउने सबै कार्य गर्ने प्राधिकार निकायको रुपमा कार्य गर्नु हुनेछ ।

१०. तृतीय पक्षको जिम्मेवारी भवन निर्माण सम्पन्न भएपश्चात वातावरण प्रतिकुल नहुने गरी मानवीयताको मुल्य र स्थापित मान्यता अनुरुप मानव सेवा आश्रम संचालन गर्ने तथा भवन निर्माणको क्रममा आवश्यक सहजीकरण गर्नु हुनेछ ।

११. यो सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न र भविष्यमा समेत मानव सेवा आश्रम संचालन व्यवस्थापनलाई अझै प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने, निर्णय गर्ने तथा कामकारवाहीलाई निर्देशन गर्ने उद्देश्यले देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

क) काठमाडौं महानगरपालिकाको प्रमुख - संयोजक
ख) नागार्जुन नगरपालिकाको प्रमुख - सदस्य
ग) मानव सेवा आश्रमको अध्यक्ष - सदस्य
घ) प्रथम पक्ष र द्वितीय पक्षले तोकेका कार्यालयका विषयसम्वद्ध पदाधिकारी एक एक जना - सदस्य

१२. यो सम्झौताको प्रकरण नं. ११ मा उल्लेखित निर्देशक समितिले तोकेका पदाधिकारीहरु रहेको एक भवन निर्माण तथ व्यवस्थापन उपसमिति रहनेछ । उपसमितिले निर्देशक समितिले तोकेबमोजिम कार्य गर्नेछ ।

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय काठमाडौं

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिसिद्धि, सीतापाईला, काठमाडौं बागमती प्रदेश, नेपाल

मानव सेवा आश्रम HUMAN

१३. यो सम्झौता अनुसारको भवन निर्माण कार्य सम्वत् २०७८ मा प्रारम्भ गरी सम्वत् २०८० मा सम्पन्न गर्नु द्वितीय पक्षको दायित्व हुनेछ ।

१४. यस संभौताको अनुसूची-१ मा रहेको Conceptual Overall Plan बमोजिम भवन निर्माण गर्नु तथा गराउनु द्वितीय पक्षको दायित्व हुनेछ । उक्त डिजाइन तथा ड्इङ्ग बमोजिम स्पेशिफिकेशन तयार गरी स्वीकृत गरेपश्चात एक/एक प्रति प्रथम तथा तृतीय पक्षलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

१५. तृतीय पक्षले उद्धार, उपचार र पालनपोषण गरेका सहयोगापेक्षीको परिवारसंग पुर्नमिलन गराउदा प्रथम तथा द्वितीय पक्षको प्रतिनिधि, स्थानीय जनप्रतिनिधी, स्थानीय सुरक्षाकर्मी समेतको रोहवरमा गर्नु पर्नेछ ।

१६. तृतीय पक्षद्वारा सञ्चालित आश्रममा बसोवास गर्ने बालबालिकाहरुको लागि निशुल्क शिक्षा आर्जन गर्न गराउन प्रथम तथा द्वितीय पक्षले आफ्नो क्षेत्रभित्रका संस्थागत तथा सामुदायिक विद्यालयहरुमा समन्वय गरी आवश्यक प्रवन्ध मिलाउनु पर्नेछ ।

१७. यो सम्झौतामा उल्लेख गरिएका शर्तहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरुको हकमा प्रचलित नेपाल कानुन प्रतिकुल नहुने गरी आपसी सहमतिमा तय गर्न सकिनेछ ।

१८. यो सम्झौता कार्यान्वयनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा मेलमिलापबाट विवाद निरुपण गरिनेछ । मेलमिलापबाट विवाद निरुपण नभएमा मुलुकी देवानी संहिता बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**

दस्तखत :-
नाम : विद्या सुन्दर शाक्य
दर्जा: प्रमुख
काठमाडौं महानगरपालिका

**द्वितीय पक्षको तर्फबाट**

दस्तखत :-
नाम : मोहन बहादुर बस्नेत
दर्जा : प्रमुख
नागार्जुन नगरपालिका

तृतीय पक्षको तर्फबाट
दस्तखत :-
नाम : रामजी अधिकारी
दर्जा: अध्यक्ष, मानव सेवा आश्रम

**साक्षीहरु**

दस्तखत :-
नाम: राजेश्वर ज्ञवाली
दर्जा : प्रमुख प्रशासकिय अधिकृत
काठमाड़ौं महानगरपालिका

दस्तखत :-
नाम : सुरेन्द्र थापामगर
दर्जा : प्रमुख प्रशासकिय अधिकृत
नागार्जुन नगरपालिका

दस्तखत :-
नाम: सुशिला के.सी. (रुपा)
दर्जा : महासचिव, मानव सेवा आश्रम

ईति सम्वत् २०७८ साल आश्विन १८ गते २ रोज शुभम् ।
नेपाल सम्वत् ११४१ त्रंलागा त्रयोदशी